गेरुवा गाउँपालिका

**Geruwa Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

पशुपतिनगर, बर्दिया

**Pashupatinagar, Bardiya**

प.सं. (F/Y) : २०८१/०८२

च.नं. (Ref No) :

लुम्बिनी प्रदेश, नेपाल

**Lumbini Province, Nepal**

## घाट उत्राही ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना

(तेश्रो पटक सूचना प्रकाशित मिति : २०८१/८/१३)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उप दफा २ (१) घ बमोजिम यस गेरुवा गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायको घाट उत्राही आ.व. २०८१/०८२ को लागी ठेक्का बन्दोबस्त द्वारा संचालन गर्नुपर्ने भएकोले इच्छुक ब्यक्तिहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही तोकिएको मिति भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र फारम पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल अंक रु. (मू.अ. कर तथा अग्रीम आयकर सहित) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| Rev/GRM/01/2081/082 | सनकट्टी घाट उत्राही गेरुवा ३, सनकट्टी | २०००००।- (अक्षरेपी : दुई लाख मात्र) | १०००।- |

| बोलपत्र खरिद गर्ने अन्तिम मिति र सयम | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति, समय र स्थान |
|---|---|---|
| २०८१/८/१९ गते कार्यालय समय सम्म | २०८१/८/२० गते दिउँसो १२ : ०० बजे भित्र | २०८१/७/२० गते २ : ०० बजे |

- बोलपत्र फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइने छ ।
- खरिद गरेको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर ठेक्काको विवरण, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाउनु पर्नेछ ।
- कबोल अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड गेरुवा शाखामा रहेको गेरुवा गाउँपालिका धरौटी खाता नं. ग-३-१- १७२०१४००००००६२ मा जम्मा गरेको सक्कल बैंक

भौचर वा मान्यता प्राप्त बाँणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

- म्याद नाघि, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्रहरु स्वीकार हुने छैन । बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा रद्द गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
- बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र ठेक्का कबोल अंकको प्रथम किस्ता रकम दाखिला गरी पट्टा उठाई सक्नु पर्नेछ ।
- ठेकेदारले ठेक्का कबोल रकम ३ किस्तामा सामान रुपमा बुझाउनु पर्नेछ ।
- ठेकेदारले पहिलो किस्ता रकम सम्झौताको समयमा बुझाउनु पर्नेछ र बाँकी दुई किस्ता रकम सम्झौतामा उल्लेख भएको समय भित्र बुझाउनु पर्नेछ ।
- ठेकेदारले राम्रो कण्डिसनमा रहेको स्टीमरको व्यवस्था गर्नुपर्ने छ ।
- ठेकेदारले घाट उत्राही स्थलमा आपत कालिन उद्दार सामग्रीहरु जस्तै : लाइफ ज्याकेट, फस्टएड किटको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ ।
- ठेकेदारले आफ्नो स्टीमर भएको पुष्टीहुने स्वामित्व तथा सम्झौता/मन्जुरीनामा पेश गर्नुपर्नेछ साथै बैकल्पीक स्टीमर तथा नाउको व्यवस्था समेत गर्नुपर्नेछ ।
- यस सम्बन्धमा कुनै विवाद उत्पन्न हुन गएमा गेरुवा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
- यस सूचनामा भएका कुराहरु यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
- यस सम्बन्धी थप जानकारीको लागी गेरुवा गाउँपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

...................................
नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत